# स्थानीय राजपत्र

सन्धिखर्क नगरपालिका अर्घाखाँचीद्वारा प्रकाशित

खण्ड ४, संख्या २८, मिति २०७७/०९/०९

भाग२-

## सन्धिखर्क नगरपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफाबमोजिम (३) सन्धिखर्क नगरपालिकाको नगर कार्यपालिकाले बनाएको बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०७७ सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सन्धिखर्क नगरपालिका

"सन्धिखर्क नगरपालिकाको बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७७"

**प्रस्तवनाः**

नेपालको संविधान, २०७२ मा भएको बाल अधिकारसम्बन्धी व्यवस्था, बालवालिकासम्बन्धी ऐन, २०४८ एवं नियमावली, २०५१ र बालश्रम निषेध तथा नियमन ऐन, २०५६ मा बालालिकाको पक्षमा भएका नीतिगत एवं कानूनी प्रावधान समेतलाई दृष्टिगत गरी सन्धिखर्क नगरपालिकाले बनाएको बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ लाई कार्यान्वयनमा लैजाने क्रममा सन्धिखर्क नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी सन्धिखर्क नगरकार्यपालिकाको मिति २०७७/९/८ गतेको बैठकबाट "सन्धिखर्क नगरपालिकाको बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७७" जारी गरी लागु गरिएको छ ।

## परिच्छेदः१

**१ संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "सन्धिखर्क नगरपालिकाको बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७७" रहेकोछ ।

(ख) यो कार्यविधिको मूल भावनामा परिवर्तन नहुने गरी तथा यो कार्यविधिले तोकेको न्यूनतम् मापदण्डमा प्रतिकूल असर नपर्ने गरी नगरपालिकाको विविधता अनुरूप सन्धिखर्क नगरपालिकाले यस कार्यविधिमा उल्लिखित सूचकका अतिरिक्त अन्य सूचकहरू थपी आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(ग) यो कार्यविधि सन्धिखर्क नगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः**

विषय र प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले यस कार्यविधिको दफा ६ बमोजिम गठन भएको समितिलाई सम्झनुपर्छ ।

(ग) "बालमैत्री स्थानीय शासन" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि यस कार्यविधिको दफा ५ मा उल्लेख गरिएको परिभाषा सम्झनुपर्छ ।

(घ) "न्यूनतम सूचक" भन्नाले बालमैत्री स्थानीय शासन सञ्चालनको लागि तय भएका अनुसुची (१) मा उल्लेखित न्यूनतम सूचकहरू सम्झनुपर्छ ।

(ङ) "रणनीति" भन्नाले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ सम्झनुपर्छ ।

(च) “सामुदायिक संस्था” भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, वचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अबलम्वन गरी प्रचलित कानुनबमोजिम स्थापना भएका संस्था तथा नगरपालिकामा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनुपर्छ ।

**३. कार्यविधिको उद्देश्यः**

**यस कार्यविधिका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः**

(क) सबै वडाहरूमा बालमैत्री स्थानीय शासनको अवधारणा लागू गर्न दिशा निर्देश गर्ने।

(ख) नगरपालिकाभित्रको सेवा प्रवाहमा संलग्न सरकारी, गैरसरकारी तथा सामुदायिक संघसंस्थाहरूलाई बालमैत्री स्थानीय शासनको अवधारणाअनुरूप समन्वयात्मक ढंगले कार्य गर्न सघाउने ।

(ग) बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा प्रतिबद्धता व्यक्त गरिएका बुँदाहरूलाई स्थानीयकरण गरी कार्यान्वयनको तहमा पु¥याउन सघाउने ।

(घ) बाल अधिकारसम्बन्धी सेवा प्रवाहका न्यूनतम सूचक (अनुसुची-१) प्राप्तिको लागि सहयोग गर्ने ।

(ङ) समग्र शासकीय प्रक्रियामा बालबालिकाका सबालहरूलाई आबद्ध गरी सन्धिखर्क नगरपालिकालाई सुशासनतर्फ अभिप्रेरित गर्न सघाउने ।

(च) विद्यमान नीति तथा कानुनले तोकेका विभिन्न निकायका बालमैत्री शासनसँग सम्बन्धित कार्य जिम्मेवारी निर्वाह र सेवा प्रवाहमा एकीकरण गरी सन्धिखर्क नगरपालिकाभित्र सेवा प्रदान गर्न गराउन जिम्मेवार निकायहरूको ध्यानाकर्षण गर्ने गराउने ।

**४. कार्यविधिको कार्यक्षेत्र**

बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने सन्दर्भमा नगरपालिकाभित्रका विषयगत शाखाहरू, स्थानीय गैरसरकारी संस्थाहरू, सामाजिक विकास र परिचालनसँग सम्बन्धित संघसंस्थाहरू र सेवा प्रवाहसँग सम्बन्धित संघीय/प्रदेश सरकारका मन्त्रालय एवं निकायहरूलाई समेत यो कार्यविधि उपयोगी र सहयोगी हुनेछ।

**५. बालमैत्री स्थानीय शासनको परिभाषाः**

बालमैत्री स्थानीय शासन भन्नाले बाल बचाउ, बाल संरक्षण, बाल विकास, र अर्थपूर्ण बाल सहभागिताजस्ता बाल अधिकारका सबाललाई नगरपालिकाको नीति, संरचना, प्रणाली र कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति हो। यसले नगरपालिकालाई बालबालिकाको हितमा योजना तर्जुमा, स्रोतको विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्य गर्न सघाउँदछ ।

**परिच्छेद-२**

**बालमैत्री स्थानीय शासन सञ्चालनको संस्थागत व्यवस्था**

**६. बालमैत्री स्थानीय शासन नगर समितिः**

नगरपालिका स्तरमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्नका लागि नगरप्रमुखले ३ वर्षको लागि कार्य अवधि तोकि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन नगर समिति गठन गर्ने छः

(क) प्रमुख, नगरपालिका -अध्यक्ष

(ख) उपप्रमुख, नगरपालिका-उपाध्यक्ष

(ग) नगर प्रमुखले तोकेको वडा अध्यक्ष, (१जना)-सदस्य

(घ) नगरपालिकाले मनोनयन गरेको स्वास्थ्य शाखा प्रमुख वा प्रतिनिधि (१ जना) -सदस्य

(ङ) शिक्षा शाखा प्रमुख वा प्रतिनिधि (१जना) -सदस्य

(च) महिला विकास शाखा प्रमुख (१ जना)-सदस्य

(छ) गैसस महासंघ जिल्ला शाखाको प्रतिनिधि (महिला र बालबालिकाको क्षेत्रमा कार्यरत)

(ज)गैरसरकारी संघसंस्थाहरूमध्येबाट महासंघले मनोनयन गरेको प्रतिनिधि)१जना -सदस्य

(झ) स्थानीय विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट नगरपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(ञ) नगरपालिकामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट नगरपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(ट) नगरपालिकास्तरीय बाल सञ्जालका प्रतिनिधि २ जना (कम्तीमा १ जना बालिका रहने गरी) -सदस्य

(ठ) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह मध्ये नगरपालिकाले तोकेको महिला प्रतिनिधि, (१ जना) सदस्य

(ड) उद्योग वाणिज्य संघ नगर प्रमुख वा प्रतिनिधि (१ जना)-सदस्य

(ढ) नगरपालिकाका बालमैत्री स्थानीय शासन हेर्ने कर्मचारी-सदस्य

(ण) प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका सदस्य-सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ साथै आवश्यकता अनुसार विभिन्न उपसमितिहरू पनि गठन गर्न सक्ने छ ।

**७. बालमैत्री स्थानीय शासन वडास्तरीय समितिः**

बालमैत्री स्थानीय शासनलाई वडास्तरमा सञ्चालन गर्नका लागि वडा अध्यक्षले देहाय बमोजिमको बालमैत्री समुदायस्तरीय समिति गठन गर्नेछः

(क) वडा अध्यक्ष -अध्यक्ष

(ख) वडा समितिले तोकेका वडाको महिला सदस्य- उपाध्यक्ष

(ग) स्थानीय विद्यालयका प्रधानाध्यापकहरूमध्ये वडाले छनौट गरेको १ जना प्रतिनिधि -सदस्य

(घ) वडामा रहेका बाल क्लवहरूमध्ये वडाले तोकेका कम्तीमा १ जना बालिका सहित २ जना बाल प्रतिनिधि -सदस्य

(ङ) टोल विकास संस्थाहरूका अध्यक्ष मध्ये वडा समितिले तोकेको कम्तीमा १ जना महिला सहित २ जना प्रतिनिधि-सदस्य

(च) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूहमध्ये वडाले तोकेको महिला प्रतिनिधि, (१जना)-सदस्य

(छ) सामुदायिक संस्था वा समूहका सचिव वा मेनेजरहरूमध्येबाट उनीहरूले छानेको प्रतिनिधि (१ जना) -सदस्य

(ज) वडा सचिव सदस्य-सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।उपरोक्त समितिहरूले आ-आफ्नो क्षेत्रका सम्बन्धित केन्द्रीय एवं स्थानीय निकायहरू, गैसस एवं निजी क्षेत्रका संघसंस्थासँग समन्वय गरी बालमैत्री स्थानीय शासन पद्धतिको संस्थागत विकास र विस्तार गर्न सघाउ पुऱ्याउनेछ ।

## परिच्छेद-३

## साझेदार संस्थाहरू र तिनको भूमिका

**८. वडा तथा नगरस्तरीय साझेदारहरुः**

बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्ने प्रक्रियामा देहायकका वडा तथा नगरस्तरका साझेदार संस्थाहरू रहनेछन्ः

**(क) वडा समिति र नगरपालिका**

१. केन्द्र र जिल्ला समन्वय समितिबाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरू आ-आफ्नो क्षेत्रको सन्दर्भमा आवश्यकता अनुसार परिमार्जन गरी वा नगरी लागू गर्ने,

२. आफ्नो क्षेत्रमा बालमैत्री स्थानीय शासनसम्बन्धी नीति तर्जुमा गर्ने,

३. बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि सम्पर्क व्यक्ति तोक्ने,

४. बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि स्थानीयस्तरमा योजना तथा कार्यक्रम सञ्चालन गर्दा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

५. बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि बजेट विनियोजन गर्ने,

६. बालमैत्री स्थानीय शासनसम्बन्धी दीर्घकालीन नीति बनाई वार्षिक एवं आवधिक योजनामा समावेश गर्ने,

७. बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने,

८. बालमैत्री स्थानीय शासनसम्बन्धी संचालित कार्यक्रमहरू समन्वयात्मक र एकीकृत ढंगबाट सञ्चालन गर्ने गराउने,

९. बाल क्लव/समूहहरूको विकासमा सहयोग पुऱ्याउने,

१०.बालमैत्री स्थानीय शासनको आवधिक प्रगति समीक्षा गर्ने,

११.आ-आफ्नो क्षेत्रबाट हुने सेवा प्रवाहलाई बालमैत्री बनाउने।

**(ख) बालमैत्री स्थानीय शासन नगर/वडा समिति**

१.बालमैत्री स्थानीय शासनसम्बन्धी नगर/वडास्तरको नीति, निर्देशिका, कार्यविधि तयार गर्ने र यस पद्धतिको प्रवर्द्धन गर्न नगरपालिका/वडा समितिलाई नीतिगत पृष्ठपोषण गर्ने,

२. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न नगर/वडा समितिस्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने,

३. बालबालिकाको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय एवं राष्ट्रिय, सरकारी एवं गैरसरकारी संघसंस्था तथा निकायबीच आवश्यक समन्वय गर्ने गराउने,

४. बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

**(ग) सामुदायिक संस्था, सेवा केन्द्र, विद्यालय, स्वास्थ्य संस्था, गैसस तथा अन्य संघसंस्था**

१. बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यक्रम सञ्चालन गरी सेवा प्रवाहमा सहयोग पुऱ्याउने,

२. बालमैत्री स्थानीय शासनको अवधारणालाई समुदायस्तरसम्म पुऱ्याउन प्रवर्द्धनात्मक कार्यहरू गर्ने,

३. बाल समूहहरूको विकास र प्रवर्द्धनमा सहयोग पुऱ्याउने,

४. कार्यक्रमको स्वःअनुगमन, आवधिक समीक्षा र मूल्याङ्कन गर्ने,

५. स्थानीयस्तरमा उपलव्ध साधन स्रोत बालबालिकाका क्षेत्रमा परिचालन गर्ने,

६. सरोकारबालासँग सम्पर्क एवं समन्वय गर्ने र साझेदारी निर्माण गर्ने,

७. स्वीकृत नीति निर्देशिकाअनुसार कार्यक्रम सञ्चालन गर्ने,

८. आ-आफ्नो क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको स्वामित्व ग्रहण गर्ने,

९. आ-आफ्नो क्षेत्रबाट हुने विकास निर्माण एवं सेवा प्रवाहलाई बालमैत्री बनाउने।

# परिच्छेद-४

## योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र समीक्षा

### ९. टोल, वडा समिति तथा नगरपालिकास्तरमा हुने योजना तर्जुमा

बालमैत्री स्थानीय शासनसम्बन्धी योजना तर्जुमा प्रक्रिया बालक्लव वा सामुदायिक संस्था वा समूह, बस्ती तथा समुदायस्तरबाट सुरू हुनेछ।योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा आफ्नो आवश्यकताहरू कसरी पहिचान गर्ने भन्ने बारे स्थानीयस्तरमा रहेका बाल क्लव/समूह र बाल सञ्चालका सदस्यहरूलाई योजना तर्जुमाको हरेक चरणमा सहभागी गराउनुपर्दछ ।गैरसरकारी संस्थाहरू समेत आ-आफ्नो कार्यक्रम र प्राविधिक सहयोग सहित योजना तर्जुमा प्रक्रियामा सहभागी हुनेछन्।स्थानीय स्तरमा सहभागितामूलक योजना तर्जुमा पद्धति अन्तर्गत निम्न चरणहरू हुन्छन्।

(क) **बजेट पूर्वानुमान र मार्गदर्शनः**

सन्धिखर्क नगरपालिका र वडा समितिले जिल्ला र केन्द्रबाट प्राप्त बजेट पूर्वानुमान, मार्गदर्शन र आफ्नो स्रोतलाई आधार मानी बालमैत्री स्थानीय शासनको लागि अनिवार्य रूपमा बजेट छुट्याई वस्तुगत विश्लेषण गरी वडा/टोल/बस्ती स्तरमा योजना तर्जुमा सुरू गर्नु, गराउनुपर्दछ ।

(ख) **आवश्यकता पहिचानः**

बालक्लव/समूहका प्रतिनिधिहरूको सहभागितामा स्थानीय आवश्यकताको पहिचान गर्नुपर्दछ।यसका लागि प्रारम्भमा वडा तथा नगरस्तरको बालबालिका सम्बन्धी वस्तुस्थिति विवरण(प्रोफाइल)तयार गरिनेछ।प्रोफाईल तयारीको लागि सूचना संकलन फारम(बालबालिका अवस्था सर्वेक्षण प्रश्नावली)अनुसुची २ मा र प्रोफाइलको ढाँचा अनुसुची ३) मा उल्लेख भए बमोजिम हुनेछ।यसको आधारमा आवश्यकता पहिचानको लागि प्रत्येक बाल समूहको अलगअलग बैठक बसी छलफलद्वारा प्रस्तावित कार्यक्रम तर्जुमा गरी नगरपालिकामा योजना तर्जुमा समितिमा पेस गर्ने र सो समितिबाट प्राथमिकता निर्धारण गरी स्वीकृतिको लागि वडा समितिको सिफारिस सहित नगरपालिकामा पेस गर्नुपर्दछ।

(ग) **योजना छनौटः**

प्राप्त प्रस्तावउपर वडा समिति र नगरपालिकाले बाल समूहका प्रतिनिधिहरू तथा सम्बन्धित विषयगत निकायका प्रतिनिधिहरूसँग संयुक्त बैठक गरी उपलव्ध स्रोतका आधारमा योजनाहरू छनौट गर्नेछन्। योजना छनौटको निर्णय सन्धिखर्क नगरपालिकाबाट हुनेछ।वडा समितिबाट प्राथमिकता निर्धारण गरिएका सबै योजनाहरू आफ्नो साधन, स्रोत र क्षमताले सञ्चालन गर्न नसक्ने भएमा त्यस्ता योजना तथा कार्यक्रमहरूमा आवश्यक साधन , श्रोत उपलब्ध गराउन संघीय तथा प्रदेश सरकारमा पठाउन सकिनेछ।

### १०. वडा स्तरीय योजना तर्जुमा

वडा स्तरीय योजना तर्जुमाबाट प्रस्ताव भई आएका बालमैत्री स्थानीय शासनसम्बन्धी योजना तथा कार्यक्रमहरू देहाय बमोजिम नगरस्तरीय योजना तर्जुमा प्रक्रियासँग आवद्ध गर्नु गराउनुपर्नेछ।

(क). **विषयगत योजना तर्जुमा समिति**

बालमैत्री स्थानीय शासनसम्बन्धी योजना तथा कार्यक्रमहरू मूलतः सामाजिक विकास समिति अन्तर्गत पर्ने भएको हुँदा वडास्तरबाट प्रस्ताव भै आएका योजनाहरू सामाजिक समितिमा प्रस्तुत गरिनेछ।समितिले प्रस्तुत योजना र कार्यक्रम उपर छलफल गरी आवश्यक परिमार्जन सहित वार्षिक नगर विकास योजनामा समावेश गर्न प्राथमिकता निर्धारण गरी योजना तर्जुमा समितिमा पेस गर्नुपर्दछ।प्रस्तावित योजना तथा कार्यक्रमहरूमाथि समितिले निम्न अनुसार पुनरावलोकन गर्न सक्नेछः

१. प्राविधिक रूपले सम्भाव्य छ छैन र लगानीको लागि स्रोत खुलेको छ छैन,
२. प्राविधिक पक्ष तथा आर्थिक स्रोत साधन सुनिश्चित छ छैन, बजेट पूर्वानुमान र मार्गदर्शन भित्र छ छैन,
३. प्रस्तावित योजनाले बालबालिकालाई प्रत्यक्ष रूपमा फाइदा पुर्‍याउन सक्ने नसक्ने,
४. प्रष्टसँग प्राथमिकताक्रम तोकेर नगरकार्यपालिकामा कार्यक्रम सिफारिस भई आएको छ छैन,

## ११. कार्यान्वयन प्रक्रिया

बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा स्वीकृत वार्षिक कार्यक्रमको परिधिभित्र रहेर मात्र गर्नुपर्दछ।प्राविधिक दृष्टिकोणले नगरपालिका तथा बाल समूहले सम्पन्न गर्न नसक्ने योजना तथा कार्यक्रमहरूको हकमा स्थानीय सामुदायिक संस्था, उपभोक्ता समिति र स्थानीय गैसस मार्फत् सञ्चालन गर्न गराउन सकिनेछ।कार्यक्रम सञ्चालन गर्दा लागत साझेदारी र सहभागितात्मक पद्धतिलाई प्राथमिकता दिनुपर्नेछ।कार्यक्रम कार्यान्वयनमा सम्बन्धित विषयगत शाखा र गैरसरकारी संस्थाले समेत प्राविधिक सहयोग उपलव्ध गराउन सक्नेछन्।

**बालमैत्री कार्यक्रम सञ्चालन गर्दा देहायको तहगत प्रक्रिया अवलम्वन गर्न सकिनेछः**

(क) कार्यान्वयनको लागि सामूहिक निर्णय तथा पूर्वाधार तयारी,

(ख) अवस्था विश्लेषण र सूचक वा मापदण्ड निर्धारण,

(ग) कार्ययोजना तयारी र स्रोत व्यवस्थापन,

## १२. अनुगमन तथा मूल्याङ्कन

बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यक्रमको अनुगमन प्रक्रिया स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुरूप हुनेछ।साथै सन्धिखर्क नगरपालिका, बालमैत्री स्थानीय शासन नगर समिति, एवं विषयगत शाखाहरूले नियमित रूपमा कार्यक्रमको अनुगमन गरी सोको प्रतिवेदन सन्धिखर्क नगरपालिकामा पेस गर्नुपर्नेछ ।

यस्तो प्रतिवेदन उपर सन्धिखर्क नगरपालिकाले आवश्यक सल्लाह, सुझाव र निर्देशन दिन सक्नेछ । अनुगमन, समीक्षा र मूल्याङ्कनबाट देखिएका समस्याहरूको तत्काल समाधान गर्नु सम्बन्धित सरोकारवालाहरूको दायित्व हुनेछ।यसका अतिरिक्त बालमैत्री स्थानीय शासन अन्तर्गत सन्धिखर्क नगरपालिकामा संचालित विभिन्न तहका कार्यक्रमहरूको कम्तीमा वर्षमा १ पटक सामाजिक परीक्षण वा सार्वजनिक सुनुवाई समेत गर्नुपर्नेछ।

**१३. प्रतिवेदन तथा अभिलेखीकरण**

प्रत्येक चौमासिकमा सञ्चालन भएका कार्यहरूको प्रतिवेदन तयार गरी व्यवस्थित रूपमा अभिलेखीकरण गरिनेछ।

**१४.बालमैत्री स्थानीय शासन पद्धतिको कार्यान्वयनका लागि संयन्त्र र तौरतरिका**

बालमैत्री स्थानीय शासन पद्धतिलाई वैज्ञानिक, व्यवस्थित तथा नतिजामूलक रूपमा कार्यान्वयन गर्न सघाउंन तथा सुनिश्चित गर्नका लागि देहायको प्रक्रिया प्रयोग गर्न सकिनेछ ।

(क) बाल सहभागितामूलक योजना तथा कार्यक्रम तर्जुमा

(ख) सामाजिक परीक्षण

(ग) सार्वजनिक सुनुवाइ

(घ) कार्यमूलक अनुसन्धान

(ङ) प्रभावकारिता सर्भेक्षण

(च) गुनासो तथा उजुरी व्यवस्थापन

(छ) कार्यमूलक लेखापरीक्षण

(ज) मूलप्रवाहीकरण

(झ) सूचना अनुगमन

(ञ) बाल सूचना पद्धति

## परिच्छेद-५
## कोष व्यवस्था र कोष प्रवाह

**१५. बालमैत्री स्थानीय शासन कोषको खाता**

नगरपालिकाले बालमैत्री स्थानीय शासन सञ्चालनकालागि छुट्टैकोष खडा गर्न सक्नेछ । र यस्तो कोषमा तपसिल बमोजिमको रकम जम्मा हुनेछः

१. नेपाल सरकार/ प्रदेश सरकारबाट प्राप्तहुने अनुदान रकम,
२. नगरपालिकाको बजेटबाट तोकिएको अनुदान रकम,

३. विकास साझेदारहरूबाट बालमैत्री स्थानीय शासनका लागि प्राप्त रकम,
४. अन्य स्रोतबाट प्राप्त रकमहरू,
५. उल्लेख्य कार्य सम्पादन गरे बापत केन्द्र र अन्य निकायबाट प्राप्त पुरस्कार र थप अनुदान रकमहरू

**१६. कोषको उपयोग र खाता सञ्चालन**

कोषमा जम्मा भएको रकम नगर सभाबाट स्वीकृत बालमैत्री योजनाको कार्यान्वयन गर्ने कार्यमा खर्च गरिनेछ । कोषको खाता सञ्चालन प्रचलित कानुन बमोजिम गरिनेछ।

**१७. कोष प्रवाहः**

१. नगरपालिकाले बालबालिका सम्बन्धी सञ्जाल, वडा समिति, उपभोक्ता समूह, सामुदायिक संस्था तथा विषयगत निकाय मार्फत स्वीकृत कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनेछ ।
२. बालमैत्री स्थानीय शासनको लागि नगरपालिकाबाट रकम विनियोजन गर्दा वा अनुदान वितरण गर्दा बालमैत्री स्थानीय शासनका लागि तर्जुमा गरिएका न्यूनतम् सूचकहरूलाइ आधार मानिनेछ ।

**परिच्छेद-६**
**संस्थागत क्षमता**

**१८. क्षमता विकास**

बालमैत्री सेवालाई प्रभावकारी रूपमा अघि बढाउन देहायको क्षमता विकास कार्य गरिनेछ ।

१. यस पद्धतिको कार्यान्वयनको लागि नगरपालिका मार्फत विभिन्न तहमा प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिनेछ ।
२. बालमैत्री स्थानीय शासन प्रवर्द्धन हुनेगरी नगरपालिकाको क्षमता मूल्याङ्कन गरी विद्यमान क्षमता र चाहिने न्यूनतमक्षमताको बीचको खाडल पहिचान गरिनेछ ।
३. देखिएको खाडलको आधारमा क्षमता विकास योजना तर्जुमा गरी आवश्यक प्राविधिक सहयोग र प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरिने
४. प्रशिक्षक प्रशिक्षण प्राप्त प्रशिक्षकहरूले नगर, वडा एवं समुदायस्तरमा प्रशिक्षण दिनेछन्। यसका लागि आवश्यकता अनुसार केन्द्रीय तहका स्रोत व्यक्तिहरूको समेत प्रयोग गर्न सकिनेछ।
५. विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति र स्थानीयस्तरमा कार्य गर्ने सामाजिक परिचालक, सहजकर्ता, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्थानीय निकायका पदाधिकारी र प्राथमिक तहका शिक्षकहरूलाई अनिवार्य रूपले बालमैत्री स्थानीय शासनसम्बन्धी प्रशिक्षण दिईनेछ ।

६. क्षमता विकास सम्बन्धी गोष्ठी, प्रशिक्षणजस्ता कार्य सञ्चालन गर्दा लाग्ने खर्चको लागि नगरपालिकाले आफ्नो नम्स तथा मापदण्ड निर्धारण गर्नेछ । यसको लागि नगरपालिकाले प्रचलनमा रहेको कुनै स्वीकृत नम्स तथा मापदण्डलाई आधार मान्न सक्नेछ ।

**१९. मानव संसाधन व्यवस्थापन**

**क.** बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि मौजुदा जनशक्तिको क्षमता विकास गरी कार्य सञ्चालन गरिनेछ ।आवश्यक पर्दा नगरपालिकाले विषयगत शाखा, गैसस, बाह्यय स्रोतव्यक्ति तथा साझेदार संस्थाको दक्षतालाई समेत प्रयोग गर्न सक्नेछ ।यस्तो कार्यको लागि वार्षिक कार्य योजनामै बजेट व्यवस्था गर्न सकिनेछ।

**ख.** बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि एक जना बाल अधिकार परामर्शदाता तोकिनेछ।

**२०.संस्थागत विकास**

यस पद्धतिको प्रभावकारी सञ्चालनको लागि वार्षिक कार्ययोजनामा बजेट व्यवस्था गरी संस्थागत क्षमता विकासको समग्र प्याकेज निर्माण गर्न सकिनेछ।यस्तो प्याकेजमा बालमैत्री स्थानीय शासन प्रर्वद्धन सम्बन्धी प्रक्रियागत कार्यहरू समेत समावेश हुनेछन्।यस्तो कार्यक्रम सञ्चालन गर्न बालमैत्री स्थानीय शासनका लागि विनियोजित रकमको २० प्रतिशतको सीमा भित्र रहनुपर्नेछ।

## परिच्छेद-८
## विविध

**२१.संशोधन र बचाउ**

(१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा व्यवधान आइपरेमानगरकार्यपालिकाले आवश्यकताअनुसार थपघट, हेरफेर वा संसोधन गर्न सक्नेछ।

(२) बालमैत्री स्थानीय शासन सम्बन्धमा यस कार्यविधि स्वीकृत हुनु अगाडि सम्म भएका कार्यक्रम र क्रियाकलापहरू यसै कार्यविधि अन्तरगत भए गरेको मानिनेछ ।

**२२.सम्पत्ति तथा दायित्व सर्ने**

यस कार्यविधिअनुसार सञ्चालन हुने बालमैत्री स्थानीय शासनसम्बन्धी योजना तथा कार्यक्रम कारणबश सञ्चालन हुन नसकेमा यस कार्यविधिअनुसारको कोष तथा सम्पूर्ण चल अचल सम्पत्ति र दायित्व सन्धिखर्क नगरपालिकामा सर्नेछ।

## अनुसुची-१

## सन्धिखर्क नगरपालिकाको बालमैत्री स्थानीय शासनका न्यूनतम सूचकहरू

### सूचक प्राप्तिको अवस्था

| क्र.स | सूचक | मापन योग्य सुचक | आधार अवस्था | योजनाको लक्ष्य | हालको अवस्था | प्रगती प्रतिशत | घोषणाको लागि आवश्यक प्रतिशत | न्यूनतम प्रगति पूरा भए/नभएको | सूचनाको व्याख्या | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | स्रोत | प्रक्रिया |
| १. | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रूपमा पूर्ण स्तनपान (आमाको दूध मात्रै खुवाउने) गराएका हुनेछन् । | शिशु जन्मेदेखि ६ महिनाको हुँदा सम्म आमाको दुध मात्र खाएका बालबालिकाको प्रतिशत | ८० | ८० | ७० | ७० | ८० | | | |
| | | शिशु जन्मेदेखि ६ महिनाको हुँदा सम्म आमाको दुधका साथै अन्य खाद्यपदार्थ समेत खाएका बालबालिकाको प्रतिशत | २० | | | | | | | |
| २. | २३ महिना भित्रका प्रत्येक बालबालिकाहरूले पूर्ण रूपमा खोप (डिपिटी, विसिजी, हेपटाइटिस बि, हिब ३, दादुराकौ मात्रा) पाएका | डिपिटी खोप लाउने बालबालिकाको प्रतिशत | | | | | १०० | | | |
| | | बिसिजी लाउने बालबालिकाको प्रतिशत | | | | | १०० | | | |
| | | हेपाटाइटिस लाउने | | | | | १०० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | हुनेछन् । | बालबालिकाको प्रतिशत | | | | | | | | |
| | | ही वि ३ मात्रा लाउने बालबालिकाको प्रतिशत | | | | | १०० | | | |
| ३. | ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकाहरूले वर्षको २ पटक भिटामिन ए क्याप्सुल र जुकाको औषधि खाएका हुनेछन्। | ६ महिना देखि ५ वर्ष मुनिका भिटामिन ए र जुकाको औषधि वर्षको दुइपटक पाउने बालबालिकाको प्रतिशत | | | | | १०० | | | |
| ४. | गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन्। | सुत्केरी भएका मध्ये स्वास्थ्य संस्थामा गई दक्ष स्वास्थ्यकर्मी बाट सुत्केरी गराउने महिलाको प्रतिशत | | | | | ८० | | | |
| | | सुत्केरी भएका मध्ये स्वास्थ्य संस्थामा गई दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने महिलाको प्रतिशत | | | | | ८० | | | |
| ५. | गर्भवती महिलाहरूले कम्तीमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तीमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन् । | गर्भवती भएको ४,६,८ र ९ महिनामा गरी जम्मा ४ पटक गर्भ जाँच गराउने महिलाको प्रतिशत | | | | | ८० | | | |
| | | सुत्केरी भएपछि बच्च जन्मेको २४ घण्टा, ३ दिन र ७ दिनमा स्वास्थ्य जाँच | | | | | ८० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गराइएका नवजात बच्चाको प्रतिशत | | | | | | | | |
| ६. | गर्भवती महिलाले टिटानस विरूद्धको २ वटा खोप लगाएका हुनेछन् | स्वास्थ्य जाँच गरी ६ महिनामा टिटानस विरूद्धको खोप लगाएका गर्भवती महिलाको प्रतिशत | | | | | ८० | | | |
| | | स्वास्थ्य जाँच गरी ८ महिनामा टिटानस विरूद्धको खोप लगाएका गर्भवती महिलाको प्रतिशत | | | | | ८० | | | |
| ७. | गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की जम्मा २२५ वटा) खाएका हुनेछन् । | गर्भवती भएको ४ महिना ( १८० चक्कि) देखि सुत्केरी भएको ४५ दिन (४५ चक्की) सम्म नियमित आइरन चक्की खाएका महिलाको प्रतिशत | | | | | ८० | | | |
| | | नियमित आइरन चक्की नखाने गर्भवती तथा सुत्केरी महिलाको प्रतिशत | | | | | ८० | | | |
| .८. | एच् आई भी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरूले ARV Prophylaxis पाएका हुनेछन् । | एच.आइ.भी संक्रमित आमाबाट जन्मिएका बालबालिकाको संख्या | | | | | | | | |
| | | एच आइ भी संक्रमित आमाबाट जन्मिएका | | | | | १०० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालबालिका मध्ये ARVProphylaxis पाएका बालबालिकाको संख्या | | | | | | | | |
| ९. | गम्भीर खालको कुपोषण मुक्त भएको हुनु पर्ने | Muse 11=5 cm भन्दा माथि भएका बालबालिकाको संख्या | | | | | १०० | | | |
| | | सामान्य कुपोषित बालबालिकाको संख्या | | | | | | | | |
| १०. | सबै घरधुरीमा पिउन योग्य खानेपानीको सुविधा उपलव्ध भएको हुनेछ । | पिउन योग्य खानेपानीको धार भएको घरधुरी प्रतिशत | | | | | १०० | | | |
| | | घरमा धाराजडान नभएका तर पिउनयोग्य पानी लिन जान र आउन गरी १५ मिनेट भन्दा बढी समय नलाग्ने घरधुरी प्रतिशत | | | | | १०० | | | |
| ११. | सबै घरमा आयोडिन नुन प्रयोग भएको हुनुपर्ने । | घरधुरीमा आयोडिनयुक्त नुन प्रयोग गर्ने परिवारको प्रतिशत | | | | | ८० | | | |
| | | ढिके नुन प्रयोग गर्ने परिवारको प्रतिशत | | | | | ८० | | | |
| १२. | चर्पी गएपछि, खाना खानु अगाडी र बालबालिकाको दिसा धोए पछि सावुनपानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | चर्पी भएको घरधुरीको प्रतिशत | | | | | ८० | | | |
| | | चर्पीमा साबुनपानी राखेको घरधुरी प्रतिशत | | | | | ८० | | | |
| | | खाना खानु अगाडि र बच्चाको दिसा धोएपछि साबुन पानीले हात धुने घरधुरी प्रतिशत | | | | | ८० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ख.बाल संरक्षण | | | | | | | | | | |
| १. | ५वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ | जन्मेको ३५ दिनभित्र जन्म दर्ता गराएको बालबालिकाको प्रतिशत | | | | | ८० | | | |
| | | जन्मेको ३६ दिन देखि ५ वर्ष भित्र जन्म दर्ता गराएको बालबालिकाको प्रतिशत | | | | | १०० | | | |
| | | जम्मा जन्मदर्ता प्रतिशत | | | | | १०० | | | |
| २. | बाल विवाहको संख्यामा कमी आएको हुनेछ | २० वर्ष भन्दा कम उमेरमा विवाह हुने बालकको संख्या | | | | | ८० | | | |
| | | २० वर्ष भन्दा कम उमेरमा विवाह हुने बालिकाको संख्या | | | | | ८० | | | |
| ३. | निकृष्ट प्रकारको बालश्रम दर घटेको हुनेछ। | जोखिमपूर्ण काम जस्तै गिट्टी, ढुँगा कुट्ने, सवारी साधनमा काम गर्ने, इँटा भट्टा, कल कारखाना र होटलमा काम गर्ने, भरिया र रिक्सा/ठेला कामगर्ने)मा संलग्न बालकको संख्या | | | | | ८० | | | |
| ४. | घरपरिवार र समुदायबाट बालबालिकाविरूद्ध हुने हिंसा, वेचविखन, शोषण, | बाल संरक्षण कार्ययोजना तयारी | | | | | ८० | | | |
| | | बाल संरक्षण कार्ययोजना | | | | | ८० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | दुरव्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याईएको हुनेछ । | कार्यान्वयन | | | | | | | | |
| | | बालमैत्री आचार संहिता तयार गरी अवलम्वन गर्ने । | | | | | ८० | | | |
| ५. | बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बालसंरक्षण प्रणालीलाई सञ्चालनमा ल्याईएको हुनेछ | समुदायमा आधारित बाल संरक्षण नीति तयार गरी कार्यान्वयन गरेको<br>प्रत्येक वडामा बालमैत्री स्थानीय शासन समिति गठन भई सक्रिय रहेको | | | | | ८० | | | |
| | | टोल विकास संस्था वडा समिति गठन भई सक्रिय रहेको | | | | | ८० | | | |
| | | निगरानी समूह, सहकारी संस्थाको संख्या | | | | | ८० | | | |
| | | सक्रिय रहेका बालक्लवको संख्या | | | | | ८० | | | |
| बाल विकास | | | | | | | | | | |
| १. | ४ वर्ष सम्मका बालबालिकाहरू प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनेछन् । | प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका ३ देखि ४ वर्ष सम्मका बालिका संख्या | | | | | ८० | | | |
| | | प्रारम्भिक बाल विकास | | | | | ८० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | केन्द्रमा भर्ना भएका ३ देखि ४ वर्ष सम्मका बालिका संख्या | | | | | | | | |
| | | प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका ३ देखि ४ वर्ष सम्मका बालक संख्या | | | | | ८० | | | |
| | | प्रारम्भिक बाल विकास केन्द्रमा अध्ययन गर्ने ३ देखि ४ वर्षका बालबालिकाको प्रतिशत | | | | | ८० | | | |
| २. | कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका शत प्रतिशत बालबालिकाहरू विद्यालय भर्ना भएका हुनेछन् । | ५ वर्ष उमेर पुगेका बालिकाको संख्या | | | | | ८० | | | |
| | | ५ वर्ष उमेर पुगेका बालकको संख्या | | | | | ८० | | | |
| | | कक्षा १ मा भर्ना भएका ५ वर्ष उमेर पूरा भएका बालिकाको संख्या | | | | | १०० | | | |
| | | कक्षा १ मा भर्ना भएका ५ वर्ष उमेर पूरा भएका बालकको संख्या | | | | | १०० | | | |
| ३. | ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले | ५ देखि १२ वर्ष उमेर समूहका बालिकाको संख्या | | | | | | | | |
| | आधारभूत शिक्षा (१ देखि | ५ देखि १२ वर्ष उमेर | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा ८ सम्म) पाएका हुनेछन् । | समूहका बालकको संख्या | | | | | | | | |
| | | कक्षा १ देखि ८ सम्म अध्ययन गर्ने ५ देखि १२ वर्ष उमेर समूहका बालिकाको संख्या | | | | | ८० | | | |
| | | कक्षा १ देखि ८ सम्म अध्ययन गर्ने ५ देखि १२ वर्ष उमेर समूहका बालकको संख्या | | | | | ८० | | | |
| | | औपचारिक शिक्षाको लागि विद्यालय नगएका ६ देखि १८ वर्ष सम्मका बालबालिकाको संख्या | | | | | | | | |
| ४. | औपचारिक शिक्षाबाट वंचित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको हुनेछ । | औपचारिक शिक्षा बाट वञ्चित तर अनौपचारीक कक्षामा भर्ना भएका ६ देखि १८ वर्ष सम्मका बालबालिकाको संख्या | | | | | ८० | | | |
| | | औपचारिक शिक्षाबाट वञ्चित तर अनौपचारिक कक्षामा भर्ना भइ कम्तीमा ४ वर्ष अध्ययन गरेका ६ देखि १८ वर्ष सम्मका बालबालिकाको संख्या | | | | | ८० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १० देखि १४ वर्ष उमेर समूहका वैकल्पीक विद्यालयमा अध्ययनरत बालबालिकाको संख्या | | | | | ८० | | | |
| ५. | प्रत्येक विद्यालयमा छात्र छात्रा को लागि अलग अलग बालमैत्री शौचालयको व्यवस्था भएको हुनेछ । | जम्मा विद्यालयको संख्या (प्रा.वि देखि उ मा वि ) सम्म । | | | | | ८० | | | |
| | | कम्तीमा ४० जना विद्यार्थी बराबर एकका दरले बालमैत्री छात्रा सौचालय ( साबुन, पानी सहितको ) भएका विद्यालय संख्या | | | | | ८० | | | |
| | | कम्तीमा ४० जना विद्यार्थी बरावर एकका दरले बालमैत्री छात्र शौचालय (साबुन, पानी सहितको)भएका विद्यालय संख्या | | | | | ८० | | | |
| ६. | विद्यालय किशोरीहरूको लागि सेनेटरी प्याडको व्यवस्था भएको हुनुपर्ने | छात्रा संख्याको आधारमा सेनेटरी प्याडको व्यवस्था गरेको विद्यालय संख्या | | | | | ८० | | | |
| | | इन्सिनेटर च्याम्वरसहितको छात्रा सौचालयको व्यवस्था भएको बिद्यालय संख्या | | | | | ८० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७. | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | अतिरिक्त क्रियाकलापका लागि वार्षिक क्यालेन्डर बनाएको विद्यालय (आ.वि. देखि मा.वि. सम्म ) संख्या | | | | | १०० | | | |
| | | महिनाको १ देखि २ पटक सम्म अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने विद्यालयको संख्या | | | | | १०० | | | |
| | | महिनाको ३ देखि ४ पटक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने विद्यालयको संख्या | | | | | १०० | | | |
| ८. | दण्डरहित विद्यालय क्षेत्र भएको हुनु पर्ने । | शारीरिक तथा मानसिक सजाय दिने नगरेको विद्यालयको नीति भएको | | | | | ८० | | | |
| | | दण्डरहित शिक्षाको लागि विद्यालयले आचर संहिता एवं निर्णयहरू गरेको । | | | | | १०० | | | |
| घ.बाल सहभागिता | | | | | | | | | | |
| १. | न.पा तथा वडाको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरूको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी | नगरपालिकाले क्षमता विकासमा सहयोग गरेको बालक्लबको संख्या | | | | | ८० | | | |
| | | नगरपालिकाले क्षमताविकासमा सहयोग गरेको बाल सञ्जाल संख्या | | | | | ८० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गराईएको हुनेछ । | बालमैत्री स्थानीय शासन समितिमा बालबालिकाको संख्या | | | | | ८० | | | |
| | | नगर स्तर | | | | | ८० | | | |
| | | वडा स्तर | | | | | ८० | | | |
| | | न.पा मा बालभेलामा सहभागी बालबालिकाको संख्या | | | | | ८० | | | |
| | | सहभागितामुलक बालमैत्री लेखाजोखा विश्लेषण सहयोगी हाते पुस्तिका अनुसार लेखाजोखा गरीएको । | | | | | ८० | | | |
| | | नगर सभामा कम्तीमा १ बालक र १ बालिकाको संस्थागत तथा अर्थपूर्ण सहभागिता गराएको । | | | | | ८० | | | |
| | | बालक्लव गठन र नगरपालिकाको निर्णय प्रकृयामा बाल सहभागिता सम्बन्धी कार्यविधि तयार गरी लागू गरेको । | | | | | १०० | | | |
| २. | न.पा तथा वडाले सञ्चालन गर्ने योजनामा बालबालिकाको योजना तथा कार्यक्रम समेटिएको हुनेछ | मन्त्रालयले तयार गरेको टेम्प्लेट अनुसार प्रोफाईल तयारी र अपडेट | | | | | १०० | | | |
| | | अर्थपूर्ण संस्थागत बाल | | | | | १०० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | । | सहभागितामा बालबालिकाको लागि आवधिक नगरस्तरीय लगानी योजना तयार गरेको । | | | | | | | | |
| | | अर्थपूर्ण संस्थागत बाल सहभागितामा बालबालिकाको लागि वार्षिक नगरस्तरीय लगानी योजना तयार गरेको । | | | | | १०० | | | |
| | | एकिकृत योजना तर्जुमा समितिमा कम्तीमा १ जना बालक र १ जना बालिकाको संस्थागत सहभागिता गराउने | | | | | १०० | | | |
| | | सहभागितामुलक बालमैत्री लेखाजोखा विश्लेषणबाट प्राप्त सुझावहरू मध्ये कम्तीमा ६० प्रतिशत सुझाव वार्षिक योजनामा समावेश गर्ने । | | | | | १०० | | | |
| ३. | विद्यालय व्यवस्थापन समितिमा संस्थागत तवरबाट बालवालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको हुनेछ । | मा.वि | | | | | १०० | | | |
| | | सन्धिखर्क नगरपालिकाले तयार गरेको बाल सहभागिता सम्वन्धि कार्यविधिमा उल्लेख भए बमोजिम विद्यालय व्यवस्थापन समितिको | | | | | १०० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बैठकमा कम्तीमा १ बालक र १ बालिकाको संस्थागत सहभागिता रहेका विद्यालय संख्या | | | | | | | | |
| ४. | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व हुनेछ | स्वास्थ्य शाखा, कार्यालय, स्वास्थ्य चौकी, स्वास्थ्य उपचौकी र प्राथमिक स्वास्थ्य उपचारकेन्द्रको संख्या ( सरकारी ) | | | | | १०० | | | |
| | | कम्तीमा वर्षको ६ पटक बैठक बस्ने स्वास्थ्य व्यवस्थापन समितिको संख्या | | | | | १०० | | | |
| | | प्रत्येक ( न्यूनतम वार्षिक ६) स्वास्थ्य व्यवस्थापन समितिको बैठकमा नगर/वडा बाल सञ्जाल बाट १ जना बालक र १जना बालिका सहभागि गराउने स्वास्थ्यसंस्था संख्या | | | | | १०० | | | |
| ५. | प्रत्येक वडामा बाल समूह गठन भै क्रियाशील रहेको हुनेछ । | बाल समूह गठन भएका वडा संख्या | | | | | १०० | | | |
| | | बालक्लवको जम्मा ( विद्यालय तथा समुदाय स्तर ) संख्या | | | | | १०० | | | |
| | | मासिक बैठक गर्ने बालक्लव | | | | | १०० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | | | | | | | | |
| ६. | नगर तह तथा वडा तहमा बाल सञ्जाल गठन भएको हुनेछ । | बाल सञ्जाल गठन | | | | | १०० | | | |
| | | मासिक बैठक गर्ने बालक्लव संख्या | | | | | १०० | | | |
| ७. | सबै वडाहरूका वाल उद्यान भएको हुनु पर्ने | सन्धिखर्क नगरपालिका भित्र बाल उद्यानको संख्या | | | | | ८० | | | |
| | | बाल उद्यान भित्र लाइब्रेरी भएको संख्या | | | | | ८० | | | |
| ङ संस्थागत विकास सम्बन्धी सूचकहरु | | | | | | | | | | |
| १. | नगरपालिकाको नगर सभा नियमित रूपमा सञ्चालन भएको हुनेछ । | आषाढ भित्र नगरसभा गरेको | | | | | १०० | | | |
| | | कुल पुँजीगत बजेट | | | | | १०० | | | |
| | | बालबालिकाको क्षेत्रमा विनियोजन भएको बजेट | | | | | १०० | | | |
| २. | नगरपालिकाले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता, विनियम, निर्देशिका तथा कार्यविधिहरू तर्जुमा गरी पूर्ण रूपमा कार्यान्वयनमा ल्याएको हुनेछन् । | बालमैत्री विनियम, निर्देशिका वा कार्यविधि तयार गरी कार्यान्वयन गर्ने । | | | | | १०० | | | |
| | | बालमैत्री आवधिक योजना तयार भएको । | | | | | १०० | | | |
| ३. | नगरपालिका तथा वडाहरूमा बालमैत्री स्थानीय शासन | बालमैत्री स्थानिय शासन नगर समिति गठन । | | | | | १०० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रवर्द्धन समिति गठन भएको हुनेछ। | वडा स्तरीय बालमैत्री स्थानिय शासन समिति | | | | | १०० | | | |
| | | कम्तीमा बार्षिक ६ पटक बालमैत्री स्थानीय शासन नगर समितिको बैठक वस्ने । | | | | | १०० | | | |
| | | कम्तीमा बार्षिक ६ पटक बालमैत्री स्थानीय शासन वडा समितिको बैठक बस्ने । | | | | | १०० | | | |
| ४. | स्थानीय विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन् । | बालक्लवबाट प्रतिनिधि भएको विद्यालय व्यवस्थापन समितिको संख्या । | | | | | ८० | | | |
| | | बालक्लव बाट प्रतिनिधित्व भै कम्तीमा ६ वटा बैठक गर्ने विद्यालय व्यवस्थापन समितिको संख्या । | | | | | ८० | | | |
| ५. | स्थानीय विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन् | नगर/वडा बाल सञ्जाल बाट कम्तीमा १ जना बालक र १ जना बालिका सदस्य रहेको स्वास्थ्य व्यवस्थापन समितिको संख्या । | | | | | ८० | | | |
| | | नगर/वडा बाल सञ्जाल बाट कम्तीमा १ जना बालक र १ जना बालिका सदस्यको सहभागितामा कम्तीमा वर्षको | | | | | ८० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ६ पटक बैठक बस्ने स्वास्थ्य व्यवस्थापन समितिको संख्या । | | | | | | | | |
| ६. | स्थानीयस्तरमा बाल विकास केन्द्र, बाल कक्षा तथा पूर्व प्राथमिक कक्षाहरू सञ्चालन भएका हुनेछन्। | नगरपालिकाको जानकारीमा सञ्चालनमा रहेको बाल विकास केन्द्रको संख्या । | | | | | ८० | | | |
| | | नपाको जानकारीमा सञ्चालनमा रहेको बाल कक्षा तथा पूर्व प्राथमिक कक्षाहरूको संख्या । | | | | | ८० | | | |
| ७. | स्थानीयस्तरमा बाल क्लवहरूको सक्रियता रहनु पर्ने । | बालक्लवको संख्या । | | | | | ८० | | | |
| | | कम्तीमा ५० प्रतिशत बालिका सदस्य रहेको बालक्लवको संख्या । | | | | | ८० | | | |
| | | वार्षिक कार्यक्रम वा योजना तयार गरेका बालक्लवको संख्या । | | | | | ८० | | | |
| | | वार्षिक न्यूनतम ६ वटा बैठक वस्ने बालक्लवको संख्या । | | | | | ८० | | | |
| ८. | स्थानीयस्तरमा निगरानी समूह, महिला सहकारी संस्था, टोल विकास संस्था, समिति जस्ता महिला | वर्षमा कम्तीमा ४ वटा बैठक वस्ने निगरानी समिति, टोलविकाससंस्था, समितिहरूको संख्या | | | | | ८० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | समूहहरूको सक्रियता रहनेछ र यस्ता समितिहरू बाल अधिकार संरक्षण र सम्वर्द्धनमा मा क्रियाशील रहनेछन्। | । | | | | | | | | |
| | | आफ्नो वार्षिक कार्य योजना तयार गर्ने निगरानी समिति, टोल विकास संस्था,समिति को संख्या। | | | | | ८० | | | |
| | | आफ्नो वार्षिक योजनामा बाल संरक्षण र सम्वर्द्धन सम्वन्धि कार्यक्रम समावेश गरेका निगरानी समिति, टोल विकास संस्था,समिति को संख्या । | | | | | ८० | | | |
| ९. | नगर स्तरमा बाल सञ्जाल विकास भएको हुनेछ र जिल्लास्तर सम्म उनीहरूको प्रतिनिधित्व रहनेछ । | बाल सञ्जाल संख्या । | | | | | ८० | | | |
| | | नगरबाल सञ्जाल बाट जिल्ला बाल सञ्जालमा प्रतिनिधित्व गर्ने बालबालिकाको संख्या । | | | | | ८० | | | |
| | | वडा बाल सञ्जाल बाट नगर बाल सञ्जालमा प्रतिनिधित्व गर्ने बालबालिकाको संख्या । | | | | | ८० | | | |
| १० | बालबालिकाका लागि नगर विकास योजना र लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ । | अर्थपूर्ण र संस्थागत वाल सहभागितामा बालबालिकाका लागि वार्षिक लगानि योजना तयार गरी पूँजीगत बजेटको १५ प्रतिशत बजेट लगानी गर्ने । | | | | | ८० | | | |
| | नगर तथा वडा विकास | सहभागितामूलक बालमैत्री | | | | | १०० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | योजनामा बालबालिकाकासंग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको हुनेछ । | लेखाजोखा विश्लेषणबाट प्राप्त सुझावहरूमध्ये कम्तीमा ६० प्रतिशत योजना तथा नीतिमा समावेश गर्ने । | | | | | | | | |
| | | वडा संख्या । | | | | | | | | |
| | | सहभागितामूलक बालमैत्री लेखाजोखा विश्लेषणबाट प्राप्त सुझावहरूमध्ये कम्तीमा ६० देखि ८० प्रतिशत सुझाव वार्षिक योजना तथा नीतिमा समावेश गर्ने । | | | | | ८० | | | |
| | | बालक्लव तथा बाल सञ्जालबाट प्राप्त योजना मध्ये कम्तीमा ५० प्रतिशत योजना वार्षिक कार्यक्रममा समावेश गर्ने । | | | | | ८० | | | |
| १२ | सार्वजनिक भवनहरूमा अपाङ्गमैत्री न्याम भएको हुनेछ । | नगर भित्र सार्वजनिक भवनहरूको संख्या । | | | | | ८० | | | |
| | | नगरभित्र सार्वजनिक भवनहरूमा अपाङ्गमैत्री न्याम भएको भवन संख्या । | | | | | ८० | | | |
| १३ | बालबालिका सम्बन्धी | कम्तीमा २ वर्षमा एक | | | | | १०० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । | पटक बालबालिका सम्बन्धी स्थितीपत्र तयार गरी प्रकाशन गर्ने । | | | | | | | | |

प्रमाणीकरण मिति २०७७/०९/०९

आज्ञाले

कृष्ण प्रसाद सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

सन्धिखर्क नगरपालिका